शिखर नगरपालिकाको

२०८१ सालको कार्यविधि संख्याः २

# आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१।०९।२१

प्रमाणिकरण मितिः२०८१।०९।२१

शिखर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

तलकोट डोटी

## आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड ज को उपखण्ड (१४) बमोजिम स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा आठको परीक्षाको स्तरीयता, प्रमाणीकरण सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वाच्छनीय भएकाले यस शिखर नगरपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अडिट" भन्नाले पाठ्यक्रमले निर्धारण गरे बमोजिम आधारभूत तह कक्षा आठको प्रयोगात्मक परीक्षाको मापन तथा मूल्यांकन प्रक्रियाको सत्यापन कार्य सम्झनु पर्छ।

(ख) "परीक्षा" भन्नाले आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

(ग) "परीक्षा समिति" भन्नाले दफा ३ बमोजिमको परीक्षा समिति सम्झनु पर्छ।

(घ) " प्रमाणपत्र" भन्नाले परीक्षा समितिबाट उपलब्ध गराईने ग्रेड सिट र प्रमाणपत्र सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले शिखर नगरपालिकालाई सम्झनुपर्छ।

परिच्छेद -२

### परीक्षा समिति सम्बन्धी व्यवस्था

३. **परीक्षा समितिः** (१) यस नगरपालिकाबाट सञ्चालन हुने परीक्षालाई मर्यादित र विश्वसनीय बनाउन देहाय बमोजिम एघार सदस्यीय एक परीक्षा समिति हुनेछ।

- शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः -संयोजक
- सामुदायिक र संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरुबाट एक/एक जना गरी संयोजकले मनोनित गरेका दुई जना प्रधानाध्यापकः -सदस्य

- माध्यमिक तह तथा आधारभूत तह कक्षा (६-८) मा अध्यापनरत नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयका शिक्षकहरु मध्येबाट परीक्षा समिति संयोजकले मनोनित गरेका एक जना महिला सहित पाँच जना शिक्षकः - सदस्य
- नगरपालिका भित्र कार्यरत IEMIS तथा कम्प्युटर सम्बन्धी ज्ञान भएका शिक्षकहरु मध्ये संयोजकले मनोनित गरेका दुई जना शिक्षकः - सदस्य
- शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत प्राविधिक सहायकः -सदस्य सचिव

(२) दफा ३ को उपदफा १ बमोजिम गठन भएको समितिको पदावधि तीन वर्षको हुनेछ ।

४. **परीक्षा समितिको काम, कर्तव्य र अधिकारः**- परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- विद्यालय स्तरीय पाठ्यक्रम र परीक्षा सम्बन्धी राष्ट्रिय नीतिको अधीनमा रही परीक्षा सम्बन्धी नीति निर्धारण गर्ने,
- विद्यालय र विद्यार्थी संख्याका आधारमा परीक्षा केन्द्र समेत निर्धारण गर्नु पर्ने भएमा आवश्यक व्यवस्थापन गर्ने गराउने,
- परीक्षा सञ्चालन, व्यवस्थापन, नियमन र अनुगमन गर्ने गराउने,
- परीक्षाको बैधता, विश्वसनियता र गोपनीयता कायम रहने गरी प्रश्नपत्र निर्माण, छपाई तथा वितरण सम्बन्धी कार्य गर्ने,
- शान्तिपूर्ण र मर्यादित रुपले परीक्षा सञ्चालन गर्ने गराउने,
- परीक्षामा संलग्न जनशक्ति तथा परीक्षार्थीहरुका लागि आचार संहिता बनाई कार्यान्वयन गर्ने गराउने
- परीक्षाको मर्यादा विपरित काम गर्ने शिक्षक कर्मचारी तथा अन्य संलग्न व्यक्तिलाई आवश्यक कारबाहीका लागि लेखी पठाउने
- निष्पक्ष र विश्वसनीय तरीकाबाट उत्तरपुस्तिका परीक्षण,सम्परीक्षण र पुनर्योग गर्ने, गराउने
- विपद् र विपद्जन्य कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्ने तथा परीक्षाफल गर्न कुनै बाधा परेमा तुरुन्त आवश्यक निर्णय लिने,
- परीक्षाफल प्रकाशन गर्ने र प्रमाणपत्र वितरण गर्ने,
- परीक्षा सम्बन्धी सम्पूर्ण अभिलेखहरु व्यवस्थित रुपमा अद्यावधिक गराउने र अभिलेख सुरक्षाको आवश्यक व्यवस्थापन गर्ने,
- परीक्षार्थीको परीक्षा आवेदन फाराम भराउने र सो को अभिलेख राख्ने,
- पाठ्यक्रमले निर्धारण गरे बमोजिम प्रयोगात्मक परीक्षा व्यवस्थापन गर्ने,गराउने,
- ग्रेड वृद्धि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,
- परीक्षाफल विश्लेषण गरी गराई सुधारका थप उपायहरु अवलम्बन गर्ने,गराउने,
- प्रयोगात्मक परीक्षाको अडिट सम्बन्धि कार्य गर्ने,गराउने,
- परीक्षाका उत्तरपुस्तिकाहरु नतिजा प्रकाशन भएको छ महिनापछि धुल्याउने व्यवस्था गर्ने गराउने,

- परीक्षाको गोपनियता कायम गर्न,गराउने,
- परीक्षा सम्बन्धी आवश्यक अन्य कार्यहरु गर्ने,गराउने।
- कक्षा ८ बाहेक अन्य कक्षाहरुको समेत मूल्याङ्कन तथा परीक्षा सञ्चालन सम्बन्धी कार्य गर्न सक्ने।

परिच्छेद-३

## प्रश्नपत्र निर्माण,परिमार्जन,छपाई र वितरण

५. **विषय विज्ञको सूची अद्यावधिक गर्ने**: (१) विषयगत प्रश्नपत्र बैंक तयार गर्नका लागि परीक्षा समितिले नगरपालिका अन्तरगतका कम्तिमा ५ वर्ष शिक्षण अनुभव भएका शिक्षकहरुमध्येबाट सम्बन्धित विषयका विज्ञहरुको सूची तयार गरी समय समयमा अद्यावधिक गर्नुपर्नेछ।

(२) स्थानीय तह क्षेत्रभित्र विज्ञ उपलब्ध हुन नसकेमा अन्य स्थानीय तहका विज्ञलाई समेत प्रश्न निर्माणमा लगाउन सकिनेछ।

६. **प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्ने**: (१) परीक्षा समितिले विज्ञहरुलाई विषयगत प्रश्नपत्रहरु निर्माण गर्न लगाउनेछ।

(२) प्रश्नपत्र निर्माणकर्ताले प्रशपत्रसंगै उत्तरकुञ्जिका पनि तयार गर्नुपर्नेछ, र सो वापत रु १५००/- पन्ध्र सय पारिश्रमिक प्रदान गरिनेछ।

(३) परीक्षा समितिले प्रश्नपत्रको स्तरीयता र समसामयिक सुधारका लागि प्रश्नपत्र निर्माण तथा परिमार्जन उपसमिति गठन गर्न सक्नेछ।

(४) प्रश्नपत्र निर्माण तथा परिमार्जन उपसमितिमा रहने शिक्षक न्यूनत्तम शैक्षिक योग्यता हासिल गरी उपलब्ध भए सम्म सम्बन्धित तहमा कम्तिमा पाँच वर्षको शिक्षण अनुभव भएको हुनुपर्ने छ।

(५) पाठ्यक्रमको विशिष्टिकरण तालिका अनूरुप सुनिशिचता गरी प्रश्नपत्रलाई अन्तिम रुप प्रदान गर्नु पर्नेछ।

७. **प्रश्न बैंक सम्बन्धी व्यवस्था**: (१) प्रत्येक विषयमा पाठ्यक्रमले निर्धारण गरेको सिकाई उपलब्धि सुनिश्चित हुने गरी विषय विज्ञद्वारा तर्जुमा गरिएका प्रश्नहरुलाई परिमार्जन गरी प्रश्न बैंक खडा गर्नुपर्नेछ।

(२) पाठ्यक्रमको परिमार्जन संगै प्रश्न बैंकको प्रश्नहरुलाई अद्यावधिक गर्नुपर्नेछ।

(३) प्रश्न बैंकबाट प्रश्नपत्रहरु तयार पारी परीक्षा सञ्चालन गर्नुपर्ने छ। तर प्रश्न बैंक तयार नहुँदा सम्म विज्ञहरुबाट प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गर्न सकिनेछ। र जिल्ला स्तरमा एकरुपता गर्ने वा शिक्षा विकास तथा समन्वय इकाइले प्रश्नपत्र निर्माण गर्ने भएमा शिक्षा विकास तथा समन्वय इकाइबाट प्रश्नपत्र ल्याउन सकिने।

८. **प्रश्नपत्र छपाई तथा वितरण**: (१) दफा ७ को उपदफा ३ बमोजजिम तयार भएका प्रश्नपत्रलाई परीक्षा समितिले आवश्यक संख्यामा छपाई गरी समयमा विद्यालय वा परिक्षा केन्द्रमा उपलब्ध गराउनुपर्ने छ।

(२) परीक्षा केन्द्रमा प्रश्नपत्रको सुरक्षा र गोपनियता कायम गर्ने जिम्मेवारी प्र.अ. वा केन्द्राध्यक्षको हुनेछ।

परिच्छेद-४

## परीक्षा सम्बन्धी व्यवस्था

९. **परीक्षा आवेदन फाराम भर्नुपर्ने**: (१) कक्षा आठमा अध्ययनरत विद्यार्थीले परीक्षामा सम्मलित हुनका लागि परीक्षा आवेदन फाराम भर्नु पर्नेछ।

(२) परीक्षा फाराम आवेदन भर्दा नाम, थर, जन्ममिति, विषय र आमावुवाको नाम लगायतका विवरण फरक नपर्ने गरीभर्नु पर्नेछ। परीक्षार्थीको परीक्षा फाराममा आफ्नो अनुहार स्पष्ट देखिने गरी हालसालै खिचेको पासपोर्ट साईजको फोटो टास्नु पर्नेछ। परीक्षा फाराम संग जन्मदर्ताको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ।

(३) विद्यार्थीले नियमित अध्ययन गरिहहेको विद्यालयबाट परीक्षा आवेदन फाराम भर्नु पर्नेछ। दोहोरो परीक्षा फाराम भरी परीक्षामा सहभागी भएको पाईएमा त्यस्तो विद्यार्थीको परीक्षा आवेदन फाराम स्वतः रद्ध हुनेछ।

(४) विद्यालयले जन्मदर्ता अनुसार फाराम भरे नभरेको एकीन गरी नभरेको भए भर्न लगाई सबै फारामहरुको परीक्षा समितिमा पेश गर्नु पर्नेछ।

(५) परीक्षा समितिले परीक्षा आवेदन रीतपुर्वक भए नभएको हेरी परीक्षार्थीलाई प्रवेशपत्र दिनु पर्नेछ।

१०. **परीक्षार्थीको किसिम**: परीक्षामा सम्मलित हुन सक्ने परीक्षार्थी देहाय बमोजिम हुनेछः-

क. नियमित परीक्षार्थी

ख. ग्रेड वृद्धि परीक्षार्थी

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागिः-

(१) नियमित परीक्षार्थी भन्नाले अनुमति वा स्वीकृति प्राप्त विद्यालयको कक्षा आठमा नियमित खुला तथा बैकल्पिक विद्यालयमा अध्ययनरत भई परीक्षामा सम्मलित हुनका लागि निर्धारण गरिएका शर्तहरु पुरा गरी परीक्षा आवेदन फाराम भरेका विद्यार्थी सम्झनुपर्छ।

(२) ग्रेड वृद्धि परीक्षार्थी भन्नाले ग्रेड परीक्षा दिनको लागि आवेदन फारम भरेका परीक्षार्थी सम्झनु पर्छ।

११. **प्रवेशपत्र विना परीक्षा दिन नपाउने**: (१)परीक्षा समितिले जारी गरेको परीक्षा प्रवेशपत्र विना कुनै पनि परीक्षार्थीले परीक्षा दिन पाउने छैन।

(२) प्रत्येक परीक्षार्थीले परीक्षा अबधिभर प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ।

(३) परीक्षार्थीले प्रवेशपत्रमा उल्लेख भएका विषयमा मात्र परिक्षा दिन पाउनेछ।

परीक्षा सञ्चालनः (१) पाठ्यक्रमले निर्धारणले गरेको विषयवस्तुको पठनपाठन सुनिश्चितत हुने गरी प्रत्येक शैक्षिक सत्रको अन्त्यमा वार्षिक कार्यतालिका बमोजिम समय तालिका तोकि परीक्षा समितिले परीक्षा सञ्चालन गर्नुपर्नेछ।

(२) परीक्षा समितिले मर्यादित र व्यवस्थित रुपमा नगरपालिका भित्र परीक्षा सञ्चालन तथा व्यवस्थापनको भरपर्दो व्यवस्था मिलाउनुपर्नेछ।

१२. **परीक्षाको माध्यम भाषा**: परीक्षा समितिले सञ्चालन गर्ने परीक्षामा भाषागत विषय बाहेक अन्य सम्पूर्ण विषयको परीक्षाको माध्यम शिक्षण गर्दाको माध्यम भाषा हुन सक्नेछ।

परिच्छेद -५

## नतिजा प्रकाशन प्रमाणपत्र वितरण पुनर्योग र पुनः परीक्षण

१३. नतिजा प्रकाशनः (१)परीक्षा समितिले विषयगत शिक्षकबाट उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण कार्य गराउनेछ।

(२) परीक्षण तथा समपरीक्षणमा विश्वसनियता र एकरुपता कायम गर्न उत्तरकुञ्जिका निर्माण गरी प्रयोगमा ल्याउनुपर्नेछ

(३) लेटर ग्रेडिङ निर्देशिका २०७८ बमोजिम परिक्षाफल प्रकाशन गर्नुपर्नेछ।

(४) उपदफा ३ बमोजिम परीक्षफल प्रशाशन पश्चात नतिजा प्रमाणीकरण गरी राख्नुपर्नेछ।

१४. प्रमाणपत्र दिनुपर्नेः परीक्षा समितिले सबै विषयमा न्यूनतम् ग्रेवा वा सो भन्दा बढी ग्रेड प्राप्त गरेको परीक्षार्थीलाई प्रमाणपत्र दिनुपर्नेछ।

१५. पुनर्योगः (१) कुनै पनि परीक्षार्थीले प्रकाशित नतिजामा चित्त नबुझेमा नतिजा प्रकाशन भएको सात दिनभित्र अध्ययन गरेको विद्यालयमा पुनर्योग गर्नु पर्ने विषयहरुको विवरण खोली रु ५००/- (पाँच सय) दस्तुर सहित पुनर्योगका लागि आवेदन गर्न सक्नेछ।

(२)पुनर्योगका लागि दिएको आवेदन उपर छानविन गरी नतिजा प्रकाशन गर्न परीक्षा समितिले तीन सदस्यीय पुनर्योग उपसमिति गठन गर्नेछ।

(३) पुनर्योगको आवेदनका लागि तोकेको अन्तिम मितिको पाँच दिन भित्र पुनर्योगको नतिजा प्रकाशन गर्नेछ।

(४) कुनै परीक्षार्थीले पुनर्योगको नतिजामा चित्त नबुझि उत्तरपुस्तिका हेर्न चाहेमा हेर्न पाउने व्यवस्था मिलाउनुपर्नेछ।

(५) पुनर्योग गर्ने तथा उत्तरपुस्तिका हेर्न चाहाने परीक्षार्थीले परीक्षा समितिले तोके बमोजिमका शर्तहरु पुरा गर्नु पर्नेछ।

१६. पुनः परीक्षणः (१) पुनर्योगका लागि आवेदन गरेका विद्यार्थीले उत्तरपुस्तिका हेर्दा समेत चित्त नबुझेमा परीक्षा समितिले तोकेको शर्त पुरा गरी उत्तरपुस्तिका पुनः परीक्षणका लागि आवेदन गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम पुनः परीक्षणका लागि परेका आवेदन उपर परीक्षा समितिले सात दिनभित्र नतिजा दिनुपर्नेछ।

(३) उत्तरपुस्तिका परीक्षण कार्यविधि परीक्षा समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद -६

## विविध

१७. **विशेष परिस्थितिमा परीक्षा सञ्चालन**: परीक्षा समितिले विपद र विपदजन्य कारणबाट कुनै परीक्षा केन्द्रमा परीक्षा सञ्चालन हुने अवस्था नदेखेमा परीक्षा स्थगन वा रद्ध गरी पुनः परीक्षा लिन सक्नेछ ।

१८. **असमर्थ परीक्षार्थी सम्बन्धी व्यवस्था**: (१) दृष्ट्रिविहिन वा हातले लेख्न असमर्थ परीक्षार्थीले तल्लो कक्षासम्म अध्ययन गरेको एक जना सहयोगी राख्न परीक्षा समितिले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको परीक्षार्थीको लागि केन्द्राध्यक्षले छुट्टै परीक्षा कोठाको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा १ बमोजिमको परीक्षार्थीलाई निर्धारित समय अपुग हुने देखिएमा केन्द्राध्यक्षले अपांगताको प्रकृति हेरी थप एक घण्टा समय उपलब्ध गराउन सकिनेछ ।

१९. **परीक्षामा खटिने जनशक्तिको पारिश्रमिक**: परीक्षा सञ्चालन र व्यवस्थापनमा खटिने जनशक्तिको देहाय बमोजिम पारिश्रमिक हुनेछ ।

(१) केन्द्राध्यक्षः प्रति दिन रु १२००/-; सहायक केन्द्राध्यक्षः प्रति दिन रु ७५०/-; निरीक्षकः प्रति दिन रु ५००/-; सहायक कर्मचारीः प्रति दिन रु ३५०/-; कार्यालय सहयोगीः प्रति दिन रु २५०/-; प्रश्नपत्र र उत्तर कुञ्जिका निर्माणकर्ताः एक सेट वापत रु १०००/-; उत्तर पुस्तिका परीक्षक र समपरीक्षकः प्रति उत्तर पुस्तिकाको पूर्णाङ्क अनुसार क्रमशः १००, ७५, ५० र २५ वापतको रु ३०/-, रु २५/-, रु २०/- र रु १५/-; केन्द्र रहने विद्यालय खर्चः २२००/- हुने ।

(२) परीक्षा समितिले अन्य कक्षा समेत नगर स्तरीय गर्नु पर्ने अवस्थामा निर्णय गरी पारिश्रमिक तोक्न सक्नेछ।

२०. **ग्रेडवृद्धि परीक्षा**: (१) परीक्षामा न्यूनतम ग्रेड प्राप्त गर्न नसकेका बढीमा दुई विषयहरुमा सम्बन्धित परीक्षार्थीले ग्रेड वृद्धि परीक्षामा सहभागी हुनु पर्नेछ ।

(२) ग्रेडवृद्धि परीक्षा नयाँ शैक्षिक सत्र सरु भएको पन्ध्र दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(३) ग्रेड परीक्षा सम्बन्धी अन्य व्यवस्था परीक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ

२१. **प्रयोगात्मक परीक्षाको अडिट गर्न सकिने**: (१) प्रयोगात्मक परीक्षाको लागि भार छुट्टयाइएकाविषयहरुमा सम्बन्धित विषयको पाठ्यक्रम अनुरुप हुने गरी प्रयोफगात्मा परीक्षा समितिले अडिट गर्न वा गराउन सक्नेछ ।

(२) प्रयोगात्मक परीक्षाको अडीट सम्बन्धित शिक्षक वा विषय विज्ञबाट गराउनुपर्नेछ

२२. **बाझियमा अमान्य हुने**: यस मापदण्डको कुनै व्यवस्था प्रचलित कानुन संग बाझिएमा बाफिएको हदसम्म मापदण्डको व्यवस्था अमान्य हुनेछ ।

२३. **बचाउ तथा खारेजी**: आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधि, २०७४ खारेज गरिएको छ । र आधारभूत तह कक्षा ८ परीक्षा सञ्चालन कार्यविधि २०७४ बमोजिम भएका कामकाबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।